# कृषि
## द्वै-मासिक


### सम्पादक मण्डल

संरक्षक
श्री नथु प्रसाश चौधरी

प्रधान सम्पादक
श्री श्याम शर्मा पौडेल

सम्पादक
निलकष्ठ पोखरेल

ग्राफिक डिजाइन
श्री ध्रुव गजुरेल

फोटो
श्री अनुप शर्मा पौडेल
श्री देव राज गौली

छपाइ/वितरण
श्री कपिल सुवेदी
श्री शम्भु थापा
श्री लोक वहादुर लिम्बु


# सम्पादकीय

सर्बप्रथम हामी नेपालीको घर आँगनमा आएको नयाँ वर्ष २०६७ को उपलक्ष्यमा यस कृषि द्वैमासिकका समस्त पाठकहरुमा मंगलमय शुभकामना व्यक्त गर्दछौ । यस अंकबाट कृषि द्वैमासिक ४७ औ वर्षमा प्रवेश गरेको कुरा हाम्रा पाठकहरुलाई जानकारी गराउन पाउँदा हामीलाई खुशी लागेको छ । छयालिस वर्षसम्म यस द्वैमासिकले कृषि क्षेत्रका प्राविधिक ज्ञानलाई कृषकहरू र प्राविधिकहरू समक्ष पुऱ्याउने काममा पुऱ्याएको योगदानलाई यस वर्ष पनि कायम राख्न हामी सक्षम हुनेछौं भन्ने हामीले आशा गरेका छौं । यसका साथै २०६७ साल हामी सबै नेपालीहरुका लागि उपलब्धी मूलक वर्ष बनोस भन्ने हाम्रो कामना रहेको छ ।

बैशाख जेठ महिना पाखोवारीमा खेती लगाउने र गोठमेल गर्ने महिना हो साथै वर्षेबाली धानको व्याड राख्ने समय पनि हो । विशेष गरि वर्षे धानको बीउ व्याडमा र ाख्दा सकेसम्म उन्नत बीउ प्रयोग गर्न कृषकहरू सचेत हुनै पर्दछ । उन्नत बीउको प्रयोग मात्रले पनि धानको उत्पादन १० प्रतिशत सम्म बढाउन सकिन्छ । उही मलजल र मेहनतमा पनि उत्पादन बढाउन सकिने उन्नत बीउको प्रयोग तर्फ कृषकहरूलाई प्रेरित गर्ने कार्य कृषि प्रविधिकहरूले पनि गर्ने पर्दछ ।

उन्नत बीउको कुरा गर्दा नेपालले धानको बर्णशंकर जातको बीउ उत्पादन नगरेतापनि वजारमा भारत र अन्य मुलुकमा उत्पादित बर्णशंकर धानको बीउ उपलब्ध भैरहेको छ र कतिपय कृषकहरूले यो बीउ प्रयोग पनि गर्न थालेका छन् । तर यस्तो बीउ प्रयोग गर्दा धानको फूल फुल्ने बेलामा २५ डिग्री सेन्टिग्रेड भन्दा बढी तापक्रम भएमा धानमा बढी फोस्रो दाना हुने समस्या हुन्छ । त्यसैले व्याड राख्ने र रोप्ने समयमा कृषकहरूले ध्यान दिनु पर्दछ । तराई क्षेत्रमा यस्तो धान भाद्र महिनाको दोस्रो हप्ता भित्र फुल्ने गरी लगाउनु हुँदैन ।

# यस अङ्कमा

वर्ष ४६ वैशाख-ज्येष्ठ २०६७, अङ्क-१

हाईब्रीड मकै, परागसेचनको समस्या र समाधानका उपायहरु..................................................१
श्री दिपक सापकोटा, डा. सुरोज पोखरेल

रेबिज: डरलाग्दो प्राणघातक रोग..................................................५
डा. गणेश राज पन्त

पहाडमा रेन्वो ट्राउट (Oncorhynchusmykiss) माछा पालन..................................................८
कुलप्रसाद सुवेदी

धैया धानको उन्नत खेती प्रविधि..................................................११
विष्णु विलास अधिकारी

रेशम कीरा पालनमा विसंक्रमण गर्ने प्रविधि..................................................१३
कृष्ण बहादुर श्रेष्ठ

नेपालका विभिन्न क्षेत्रमा सिफारिस धानका जातहरुको झलक..................................................१६
हरि कुष्ण उप्रेती

व्यावसायीक मौरीपालनको लागि आवश्यक प्रविधि..................................................२१
दिपेन्द्र पोखरेल

गड्यौले कम्पोष्टिङ्ग..................................................२३
सिर्जना शाक्य

तरकारी खेतीले ल्याउँदै छ ग्रामिण क्षेत्रमा परिवर्तन..................................................२९
अम्विकाप्रसाद पौडेल

गोठेमल व्यवस्थापन..................................................३१
खडक वहादूर बस्नेत

जीरो टिलेज गुहुँ खेती प्रविधि..................................................३४

मकै बालीको बीउ उत्पादन गर्ने तरीका..................................................३८
मनिता थापा